**Tribhuvan Journal** Vol. 2 No. 1: 135-145, December 2023; Research Management Cell, Tribhuvan Multiple Campus, Tribhuvan University, Nepal
**DOI:**https://doi.org/10.3126/tribj.v2i1.60274

# राधा उपन्यासमा नारीवाद

***शारदा खनाल***
*sharadak974@gmail.com*
*उपप्राध्यापक*
*त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा*

***Article History:*** *Received 22 May 2023; Reviewed 21 August 2023; Revised 22 October 2023; Accepted 22 November 2023*

**लेखसार**

*प्रस्तुत लेखमा उपन्यासकार कृष्ण धराबासीको राधा उपन्यासको नारीवादका आधारमा अध्ययन गरिएको छ । प्रस्तुत उपन्यासको विभिन्न आधारमा अध्ययन गर्न सकिने भए पनि नारीवादका आधारमा अध्ययन नभइसकेको अवस्थामा प्राज्ञिक रिक्तता देखिन्छ । यही रिक्ततालाई पूरा गर्ने उद्देश्यले प्रस्तुत अध्ययन नारीवादअन्तर्गत पर्ने नारीशोषणप्रतिको विद्रोहमा केन्द्रित भई नारीमाथि हुँदै आएका पितृसत्तात्मक, लैङ्गिक, पारिवारिक, सामाजिक, कुल र धर्म, संस्कृति, यौनजन्य, राजनीतिक शोषण जस्ता अवस्थितिलाई आधार बनाइएको छ । पुस्तकालय कार्यबाट सङ्कलित प्रथम र द्वितीयक स्रोतका सामग्रीहरूको सूक्ष्म पठन गरी सघन पाठविश्लेषण विधिअनुसार नारीवादसम्बन्धी सैद्धान्तिक आधार लिएर सन्दर्भपरक अध्ययन समेत गरिएको हुनाले प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको छ । समाजको महत्त्वपूर्ण भूमिकामा रहेर पनि युगौंदेखि शोषणयुक्त, मूल्यहीन, अमानवीय र अत्यन्त अपमानजनक जीवन बाँच्दै आएका नारीका चेतनाका आँखा खुल्दै गएपछि आफूहरूमाथि हुँदै आएका विभिन्न खाले विभेदको भण्डाफोर गरी आफ्नो अस्तित्व रक्षाका लागि विद्रोह गरेका छन् । पितृसत्तात्मक सामन्तवादी समाजले नारीको स्वाभिमान र अस्तित्वलाई महत्त्व नदिने, पुरुषको सुखसुविधाका लागि स्वेच्छाचारी नियम बनाएर नारीलाई दोस्रो दर्जाको नागरिकका रूपमा आफ्नै दासी वा भोगविलासको साधनका रूपमा मनलागी उपयोग गर्ने, नारीअस्मितामाथि प्रश्नचिन्ह उठाउने, समाजमा चल्दै आएका रीतिरिवाज, चालचलन, धर्म, संस्कृतिका आडमा नारीलाई उपेक्षा, किनारीकृत र अधिकारबाट वञ्चित गर्ने जस्ता गलत र विभेदपूर्ण परिपाटीप्रति यस उपन्यासका राधा, सुशीला, विशाखा, यशोदा जस्ता सचेत नारीद्वारा विद्रोह गरी नारीहरूको पनि पुरुषकै बराबर अधिकार स्थापित गर्न खोजेको निष्कर्ष प्राप्त भएको छ ।*

***शब्दकुञ्जी :*** *उत्पीडन, नारीवाद, पितृसत्ता, लैङ्गिक शोषण, विद्रोह,*

## विषयपरिचय

*राधा* उपन्यास कृष्ण धराबासीले लेखेका हुन् । कृष्णप्रसाद भट्टराईको साहित्यिक नाम नै कृष्ण धराबासी हो । उनको जन्म वि.सं. २०१७ साल श्रावण २ गते आइतबार मेची अञ्चलअर्न्तगत पाँचथर जिल्लाको अमरपुर वार्ड नं.९ फलाँटेमा पिता टीकाराम भट्टराई र माता अम्बिकादेवी भट्टराईका जेष्ठ पुत्ररत्नका रूपमा भएको थियो । उनी वि सं. २०३४ सालमा 'सूर्योदय' साप्ताहिक पत्रिकामा 'सल्फरिनोको युद्धभूमिमा' शीर्षक कविता प्रकाशन गरी विधिवत रूपमा साहित्यका फाँटमा उदाएका हुन् । उनको प्रस्तुत कविता कृष्णप्रसाद भट्टराईकै नाममा प्रकाशित छ ।  कृष्ण धराबासीले आफूलाई नेपाली साहित्यमा सफल कवि, कथाकार, निबन्धकार, उपन्यासकार तथा समालोचकका रूपमा स्थापित गरेका छन् । उनका प्रकाशित साहित्यिक पुस्तकाकार कृतिहरूमध्ये 'उन्मुक्तिका आवाजहरू' (२०५०) कवितासङ्ग्रह, 'झोला' कथासङ्ग्रह, 'धराबासीका चर्चित निबन्धहरू' (२०६५) निबन्धसङ्ग्रह, 'शरणार्थी' (२०५६), 'आधाबाटो' (२०५९), 'राधा' (२०६२), 'तपाइँ' (२०६४), 'टुँडाल' (२०६५) र 'पाण्डुलिपि' (२०६८) नामक उपन्यासहरू तथा 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू' (२०४८), लीलालेखन (२०५३), 'पाठकको अदालतमा' (२०६२), 'तेस्रो आयाम र बैरागी काइँला' (२०६३) आदि समालोचनात्मक कृतिहरू हुन् । लीलालेखन, नारीवाद, मिथकीय प्रयोग, मान्छेका आन्तरिक कथाव्यथा तथा संवेदनाको प्रस्तुति, डायास्पोरिक नेपालीका सुखदु:ख र विवशतालाई विषयवस्तु बनाउनु, व्यक्ति मनोविज्ञानसँग गाँसिएका क्षण र संवेदनालाई प्रस्तुत गर्नु, सामाजिक यथार्थको चित्रण गर्नु आदि उनका औपन्यासिक विशेषता हुन् । *राधा* उपन्यासमा नारीवादको अध्ययन गर्नु प्रस्तुत लेखको प्राज्ञिक समस्या हो ।

नारीवाद अङ्ग्रेजी Feminism शब्दको नेपाली रूपान्तर हो । यो नारीलाई केन्द्रमा राखेर गरिने चिन्तन वा नारीमाथि गरिने अनेक किसिमका शोषणहरूका विरुद्धको सचेत आन्दोलन हो । राजनीतिक समतामूलक विचार बोकेर सन् १९६० को दशकदेखि प्रारम्भ भई पुरुषप्रधान समाजविरुद्ध अघि बढेको आन्दोलन नै नारीवाद हो । नारीवाद त्यस्तो बौद्धिक तथा व्यावहारिक आन्दोलन हो जसले सामाजिक, आर्थिक, सांस्कृतिक, साहित्यिक विविध पक्षबाट नारीको बारेमा वकालत गर्दछ । समाजमा नारी भएरै जन्मिएका आधारमा भोग्नुपरेका पीडा र सहनुपरेका अपमानजनित जीवन अनुभूतिहरूको चिन्तन र विश्लेषण साहित्यमा नारीवादले गरेको छ । (मरहट्टा, २०७३, पृ.२३)  यसअन्तर्गत त्यस किसिमका विचार, विश्वास, आस्था र आन्दोलनहरू पर्दछन् जसबाट नारीको सर्वाङ्गीण विकासमा टेवा पुग्न सकोस् । नारी जातिका तर्फबाट बुझ्ने र बुझाउने तथा नारीहरूलाई सामाजिक, सांस्कृतिक, धार्मिक, बौद्धिक आदि विषयमा मुक्त र आत्मनिर्भर बनाई पुरुष एकाधिकारको भञ्जन गर्ने आन्दोलन नै नारीवाद हो । (अधिकारी, २०६८, पृ.३३) नारी जातिको स्वतन्त्रता र उत्थानका निम्ति उठेका सबै खाले विचारहरूलाई यो आन्दोलनले समेटेको छ । नारीलाई उन्मुक्ति दिन, माथि उठाउन, आत्मनिर्भर बनाउन र पुरुषसँग काँधमा काँध मिलाएर अघि बढ्ने प्रेरणा दिन यो सिद्धान्तले उल्लेखनीय भूमिका खेलेको छ ।

कृष्ण धराबासीको *राधा* उपन्यास प्राज्ञिक अध्ययनका दृष्टिले अत्यन्त गहन, समस्यामूलक र अनुसन्धेय रहेको छ । प्रस्तुत उपन्यासको विविध दृष्टिकोणबाट अध्ययन भइसकेको र हुनसक्ने अवस्था भए पनि नारीवादको दृष्टिले अध्ययन नभएको स्थितिमा देखिएको रिक्ततालाई परिपूर्ति गर्ने उद्देश्यका साथ यस लेखमा नारीवादको सैद्धान्तिक आधार लिएर धराबासीको *राधा* उपन्यासलाई विवेच्य सामग्री बनाइएको छ । यसमा नारीवादका आधारमा नारीशोषणप्रति नारीद्वारा गरिएको विद्रोहको अध्ययन गरिएको छ । यसै क्रममा नारीमाथि हुँदै आएका पितृसत्तात्मक, लैङ्गिक, पारिवारिक, सामाजिक, कुल/धर्म, संस्कृति, यौनजन्य, राजनीतिक, शोषणहरूप्रति गरिएको विद्रोहको निक्र्यौल गरिएको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेखमा धराबासीकृत *राधा* उपन्यासको नारीवादका आधारमा अध्ययनविश्लेषण गरिएको छ । नारीवादसँग सम्बद्ध प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीहरूको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । प्रस्तुत लेखमा मूल वा प्राथमिक स्रोतको सामग्रीको रूपमा *राधा* उपन्यासलाई लिइएको छ भने उपन्यासको विश्लेषणका निम्ति आवश्यक पर्ने सैद्धान्तिक र प्रायोगिक सामग्रीलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ । सङ्कलित सामग्रीको अर्थापनका लागि *राधा* उपन्यासलाई सघन पाठविश्लेषण विधिअनुरूप सूक्ष्म पठन गरी स्थापित सिद्धान्तका आधारमा सन्दर्भपरक अध्ययन समेत गरिएकाले प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको छ । नारीवादका आधारमा *राधा* उपन्यासमा नारीमाथि गरिएका पितृसत्तात्मक, लैङ्गिक, पारिवारिक, सामाजिक, कुल/धर्म संस्कृति, यौनजन्य, राजनीतिक शोषणप्रति नारीद्वारा गरिएको विद्रोहको अवस्थाको विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत अध्ययनका लागि आवश्यक सङ्कलित सामग्रीको विश्लेषण गर्ने सैद्धान्तिक आधार सन् १९६० को दशकमा पाश्चात्य साहित्यबाट सुरु भई विश्वव्यापी रूपमा फैलिँदै गएको नारीवाद हो । पश्चिममा पुँजीबाट जनवादी क्रान्तिको विकाससितै नारीजागरणको प्रक्रिया विकसित हुँदै गयो । (किरण, २०७७, पृ.१५) अमेरिकी र फ्रान्सेली राज्यक्रान्तिले बीजारोपण गरेको नारीवादी चेतनाको विकास भने सन् १९४९ मा प्रकाशित सिमोन द वुभाको The Second Sex नामक कृतिबाट भएको पाइन्छ । वुभाले यस कृतिमा पितृसत्ताको उदयको ऐतिहासिक पृष्ठभूमि खोतल्दै नारी र पुरुषका बारेमा समाजमा प्रचारित विभेदकारी धारणा प्रकृतिप्रदत्त नभई समाजले बनाएको मिथ्या धारणा मानेकी छन् । (पाण्डे, २०६९, पृ.२२३) महिला र पुरुषको क्रमिक सम्बन्धका क्रममा महिलाले पनि पुरुष जत्तिकै अधिकार र अवसर पाउनुपर्छ भन्ने लक्ष्य र विश्वास गर्दै नारीहरूले सङ्घर्ष गर्ने क्रममा नारीवादको सिद्धान्त जन्म्यो । (भट्टराई, २०७७, पृ.१२२-१२३) यो आन्दोलनले नारीद्वारा नारीका लागि भन्ने मूल मान्यतालाई केन्द्रमा राखेको छ । १९६० कै दशकमा थुप्रै नारीवादी समालोचकहरू अमेरिकी र युरोपेली लेखकका कृतिमा नारीहरूलाई कसरी प्रतिविम्बित गरिएको छ भनेर खोज्नमा लागे । (उप्रेती, २०६९, पृ.२४३) सिमोन द वुभा, भर्जिनिया उल्फ, जुलिया क्रिस्तेभा, ऐलन सोभाल्टर, इल इरिगेरी आदिका विचार र चिन्तनहरू नै नारीवादी समालोचनाका आधारभूमि हुन् । (अधिकारी, २०६८, पृ.४४) नारीलाई पनि पुरुषलाई जस्तै पहिलो दर्जाको नागरिकका रूपमा हेरी पूर्ण नागरिकता प्रदान गर्नुपर्छ । लिङ्गकै आधारमा कोही कोसौं अगाडि त कोही कोसौं पछाडि पारिनु हुँदैन; राज्यका सामाजिक, आर्थिक, राजनीतिक तह र तप्कामा समतामूलक अधिकार रहनुपर्छ भन्ने कुरामा नारीवादले आवाज बुलन्द गर्दै आएको छ । नारीवादले स्वास्नी मान्छेलाई त्यो स्थान दिलाउन चाहन्छ जहाँ लोग्ने मान्छेहरू पहिल्यै पुगिसकेका छन् । (गौतम, २०५९: पृ.४०८) नारीवादी समालोचना भनेको समालोचनाको त्यस्तो रूप हो जसले नारीको जीवनसँग गाँसिएका यावत साहित्यिक विषयवस्तुको समीक्षा गर्दछ । पितृसत्ताले अवहलेना गरेको महिला इतिहासको खोजी, महिला लिखित साहित्यको समीक्षा तथा महिला एवम् पुरुष लिखित साहित्यमा महिला उपस्थितिको नापजोख गर्ने काम यस अवधारणामार्फत भयो (त्रिपाठी, सन् २०१२, पृ.७२) । पूर्वीय र पाश्चात्य दुवै क्षेत्रमा नारी लेखनको इतिहास धेरै पुरानो भए पनि साहित्यिक आन्दोलनका क्रममा नारीवादी समालोचना भने उत्तरआधुनिक कालको समालोचना सिद्धान्त हो । साहित्यमा चित्रित नारीको अवस्था, पुरुषशासित समाजमा उसले भोगेका उत्पीडन, पुरुषको भोग्या बन्नुपर्ने विवशता, छोरी, बुहारी, पत्नी, सौता, आमा, सासू आदि उसका अनेक रूपका विवेचना, व्याख्या र छलफल गर्नु नारीवादी समालोचनाको काम हो (गौतम, २०५९: पृ.४०९–४१०) । प्रस्तुत लेखमा

धराबासीको *राधा* उपन्यासमा शोषणमा परेका नारीहरूले गरेको विद्रोहको अवस्थालाई विभिन्न मानदण्ड बनाएर अध्ययन गरिएको छ । ती मानदण्डहरू पितृसत्तात्मक, लैङ्गिक, पारिवारिक, सामाजिक, कुल/धर्म संस्कृति, यौनजन्य र राजनीतिक शोषण हुन् ।

## राधा उपन्यासमा नारीशोषणप्रतिको विद्रोह

नारीवादले नारीमाथि हुने गरेका विभिन्न किसिमका शोषणहरूको विरोध गर्छ । युगौंदेखि मूल्यहीन र अपमानजनक जीवन बाँच्दै आएका नारीहरूका अनुभूतिजन्य चेतनाको प्रस्फुटनबाट नारीवादको जन्म भएको हो । नारीजातिले भोग्दै आएका शोषणयुक्त क्रियाकलापप्रति सचेततापूर्वक विद्रोह गरी लेखिएका औपन्यासिक कृतिलाई नारीवादी उपन्यास भनिन्छ । धराबासीको *राधा* उपन्यासमा नारीमाथि हुँदै आएका शोषण तथा दमनको विद्रोह गरिएको हुँदा प्रस्तुत लेखमा नारीशोषणप्रतिको विद्रोहको अध्ययन गरिएको छ । यस उपन्यासमा सचेत विद्रोही नारी पात्रको माध्यमबाट नारीमाथि हुँदै आएका उत्पीडन वा शोषणको विद्रोह यसरी गरिएको छ

## पितृसत्ताले गरेको शोषणप्रतिको विद्रोह

पितृसत्ता पुरुषको बोलबाला रहने, पुरुषलाई केन्द्रमा राख्ने वा शक्तिकेन्द्र मान्ने सामाजिक व्यवस्था हो । यसले नारीलाई दोस्रो दर्जाको नागरिकको रूपमा हेर्दछ । पितृसत्तात्मक सामन्तवादी समाजले नारीका कुरालाई कम महत्त्व दिने गर्दछ । नारीको स्वाभिमान, आत्मसम्मान र अस्तित्वप्रति सधैँ अतिक्रमण गर्ने पुरुषवादी चिन्तनको विरोध यस उपन्यासकी नारी पात्र राधाले गरेकी छ । जुन कुरालाई उपन्यासकै निम्नलिखित उद्धरणले पुष्टि गरेका छन् :

> म के जानूँ नानी ! लोग्नेमान्छेहरू सन्केपछि हामी आइमाईको केही लाग्दैन । हाम्रो कुरै सुन्दैनन् । रातारातभरि कचहरी बस्छ । कहिले भन्छन्-वृषभानुलाई प्रधानबाट हटाउनुपर्छ, कहिले भन्छन्-नन्दरायलाई गाउँबाट निकाल्नुपर्छ । कोही त यशोदालाई सारा गाउँलेसामु उभ्याएर कृष्णको बाबुको परिचय माग्नुपर्छ समेत भन्छन् । यस्ता कुरा हामी नारीले कसरी सहनु ? तर के गर्नु, नसहेर के गर्नु ? (पृ.४९)

व्रजका राजा वृषभानुकी छोरी राधा र नन्दरायका छोरा कृष्णका बिचमा भएका बालसखादेखि प्रेमीप्रेमिकासम्मका अन्तरङ्ग सम्बन्धको हल्लाले समाजमा असहज परिस्थितिको सिर्जना हुन्छ । वृष भानु र नन्दरायले छोराछोरी छाडा छोडेर समाज नै बिगारेको आरोप लाग्छ । छोराछोरीको गलत आचरणलाई लिएर वृषभानुलाई पदच्युत र नन्दरायलाई गाउँनिकाला गर्नेसम्मका कुरा उठ्छन् । यही सन्दर्भमा राधाकी आमा कलावतीले छोरी राधासँग बोलेका विचार हुन् यी । पितृसत्तात्मक समाज भएकाले उनीहरूकै बोलबाला चल्ने, पुरुषहरू सन्केर जस्तासुकै निर्णय गरे पनि हुने, महिलाहरूले ती विषयमा जानकारीसम्म नपाउने, रातभरि कचहरी बस्दा पनि महिलाहरूलाई सहभागी नगराउने, पुरुषहरूको सभाले जेजस्तो निर्णय गरे पनि महिलाहरूले शिरोधार्य गर्नुपर्ने, नन्दरायसँग कृष्णको स्वभाव मिलेन भन्दैमा यशोदालाई नाजायज सन्तान जन्माएको आरोप लगाई उनलाई सारा गाउँलेका अगाडि उभ्याएर कृष्णको बाबुको परिचय माग्नुपर्छ भन्ने सम्मका कुरा गरेका हुन्छन् । महिलामाथि यति ठुलो अन्याय हुँदा हामी महिलाहरूले कसरी सहेर बस्ने ? फेरि नसहेर पनि हामी के नै गर्न सक्छौं ? भन्ने प्रश्न चिन्ह खडा गरी पुरुषसत्ताको अकाट्य निर्णयको विरोध त गरिएको तर सहनुको विकल्प पनि नदेखिएको जस्तो सन्दर्भ प्रस्तुत गरिएको छ ।

> उनले भनिन् - जुन कारणले आज वृषभानु पक्षघात भएर लडिरहेका छन्, त्यही कारणले म तपाईंदेखि विरक्त हुन लागेकी छु । तपाईंको यो अल्पभाष्यता, गम्भीर चेहरा, सोझोपना र भलादमी व्यक्तित्वका पछि लुकेर रहेको डरलाग्दो र घातक अनुहारले आज म साह्रै नै आहत भएकी छु । (पृ.८०)

प्रस्तुत उद्धरणमा निर्दोष यशोदाले आफ्नो चरित्रका विषयमा समाजले औंला ठड्याउँदा समेत रमिते बनेर मौन बस्ने पति नन्दरायसँग गुनासो गर्ने क्रममा विचार प्रस्तुत गरेकी छन् । यशोदाले आफू प्रसव पीडामा अचेत अवस्थामै हुँदा सन्तान साटिदिएर देवकी र वसुदेवको छोरा कृष्णलाई आफ्नो मुटुको टुक्रा मान्दै आएकी हुन्छिन् । यशोदाले जब कृष्ण आफूले जन्माएको सन्तान होइन; उनले त छोरी एकनंशालाई जन्माएकी थिइन् भन्ने कुरा राधाकी आमा कलावतीबाट जानकारी पाउँछिन् तब उनी छाँगाबाट खसेजस्तो मात्र हुँदिनन् आफूमाथि यति ठुलो छल गरेर धोका दिने पतिप्रति पनि निर्मम बन्छिन् । अर्काको छोरा बचाउन आफ्नै छोरी मार्न तयार हुने नन्दरायको कर्तुत थाहा पाएपछि उनको श्रीमान्प्रतिको विश्वास टुटेर चकनाचुर हुन्छ । यशोदालाई आफ्ना पति अहिलेसम्म थोरै बोल्ने, अत्यन्त गम्भीर, भलादमी, इमान्दार र सोझो व्यक्तित्व लाग्दै आएकामा आफूलाई त्यति ठुलो षडयन्त्रमा पारेको कुरा थाहा पाउँदा उनको मुटु छियाछिया मात्र भएको छैन; पतिभित्रको कुटिलता, घातक, डरलाग्दो र बेइमानीपनको खुलासा भएपछि नन्दरायको आफूमाथिको व्यवहारको विद्रोह गरेकी छन् ।

## लैङ्गिक शोषणप्रतिको विद्रोह

लिङ्गलाई आधार बनाएर नारीमाथि गरिने गरेका अनेक किसिमका शोषणहरूको विरोध गर्नु नै लैङ्गिक शोषणप्रतिको विद्रोह हो । *राधा* नारीवादी दृष्टिचेतका आधारमा लेखिएको उत्कृष्ट उपन्यास भएकाले यसमा पौराणिक मिथकलाई आधुनिक सामाजिक सन्दर्भमा ढालेर नारीवादको दृष्टिकोणबाट व्याख्या विश्लेषण गरिएको छ । पौराणिक पात्र राधालाई यस उपन्यासकी नायिका बनाएर आधुनिक युगमा पनि नारीहरूले भोग्नुपरेका समस्या, बाध्यता र विवशताहरूलाई केलाउने जमर्को गरिएको छ । नेपाली समाजमा दोस्रो दर्जाका नागरिकका रूपमा रहेका नारीहरूलाई पुरुषहरूले आफ्नो सुखसुविधाको लागि जुनसुकै ढङ्गबाट भए पनि उपयोग गर्दै आइरहेको जुन परम्परा अद्यावधि छ त्यसप्रति यस उपन्यासले औंलो ठड्याएको छ अथवा त्यस्तो परम्पराका विरुद्ध आवाज उठाएको छ । त्यो नै यस उपन्यासको नारीवादी पक्ष हो । लैङ्गिक शोषणप्रतिको विद्रोहलाई उपन्यासका निम्नलिखित साक्ष्यले पुष्टि गरेका छन् :

> के गलत हुन्छ र माता ! एउटा पुरुष अनेक नारीको भोग गर्दछ । पति भनेपछि एउटी पत्नीको हुनुपर्ने होइन र ? नारीले भने एउटा पुरुषमा आफ्ना सारा आदर्श र इच्छाहरू सीर्मित गर्नुपर्ने, तर पुरुषलाई त्यो लागू नै नहुने, यो मान्यता के पुरुषले नै बनाएको होइन र ?"पृ.१४८)

अध्ययनका लागि हिँडेका कृष्ण र बलराम उतैबाट विभिन्न युद्धमा होमिनुपरेपछि गोकुल र व्रजतर्फ त्यति ध्यान दिन पाएनन् । राधासँग गाहिरो र आत्मिक प्रेम हुँदाहुँदै पनि सम्पर्कबाट टाढा हुन पुगे । राधालाई पनि कृष्ण पहिले जस्तो नभएको आभाष हुन थाल्यो र आमासँग आफ्ना दुखेसा पोख्ने क्रममा पुरुषहरू स्वच्छन्द पाराले हिँड्ने, हामी नारीले एउटै पुरुषलाई मनमा सजाएर राखे जस्तै उनीहरूले एउटै नारीको विश्वास कायम राख्न नसक्ने कुरा गरेपछि कलावतीले पुरुषहरू हाम्रा परमेश्वर हुन्, तिनीहरूविना यो संसार चल्दैन, पति नै हाम्रा रक्षक हुन् त्यसैले पुरुषका विरुद्धमा यस्ता धारणा बनाउनु गलत हुन्छ भन्दा यसैको जवाफस्वरूप राधाले प्रस्तुत विचार अभिव्यक्त गरेकी हुन् । उनले आमासँग एउटा पुरुषले अनेक नारीलाई भोग्न हुने, नारीले मात्र नियममा बस्नुपर्ने ? पति एउटै पत्नीको हुनुपर्ने होइन र ? नारीले एउटै पुरुषमा आफ्ना इच्छाहरू सीमित गर्नुपर्ने तर यो नियम पुरुषले पालना गर्नुनपर्ने यस्तो विभेदकारी नियमले व्यवहार चल्दैन । पुरुषले आफ्ना लागि यस्तो स्वेच्छाचारी नियम बनाएको छ जुन महिलाका लागि मान्य छैन भन्दै राधाले महिलामाथि हुने लैङ्गिग विभेदको खुलेरै विरोध गरेकी छन् ।

> मैले एक दिन खुलेर भनिदिएँ आमालाई -"आमाहजुर ! यो भन्न अब मलाई कुनै सरम छैन । म कृष्णकी प्रिया हुँ । तिनीबाहेक मेरो जीवनमा अरु कोही आउन सक्दैन । कृष्ण जो हुन्, जस्ता हुन्, जहाँ जाऊँन् तर म तिनीबाहेक अरु कसैको प्रतीक्षा गर्दिन । (पृ.५५)

कृष्ण र राधाको प्रेमका विषयमा गोकुल र व्रजमा अनर्गल चर्चापरिचर्चा तथा प्रचारवाजी धेरै भएपछि कृष्णलाई राधाबाट टाढा बनाउने उद्देश्यले पठनपाठनको सन्दर्भ मिलाएर बाहिर पठाइन्छ । राधाका बाबु वृषभानुलाई पदच्युत गर्नेदेखि यशोदालाई धेरै मानिसको उपस्थितिमा कृष्णको सक्कली बाबु को हो भनेर प्रश्न सोधी लज्जित बनाउनुपर्छ भन्ने सम्मका दुष्प्रचार फैलाइन्छ । राधालाई आफ्नो मनको मान्छे टाढा भएकोमा सम्हालिनसम्म कठिन भएको परिस्थितिमा उनले आफ्नी आमासँग प्रस्तुत विचार अभिव्यक्त गरेकी हुन् । कृष्णसँग हार्दिक (आत्मिक) माया गर्ने राधाले निसङ्कोच कृष्ण आफ्नो प्रेमी भएको, उनीबाहेक अर्को पुरुष आफ्नो जीवनमा आउन नसक्ने ठोकुवा गर्दै यद्यपि कृष्ण जस्ता होऊन्, जहाँ जाऊन्, जहिले आऊन् तिनलाई नै प्रतीक्षा गरेर बस्छु भनेर आक्रोश पोखेकी छन् ।

## पारिवारिक शोषणप्रतिको विद्रोह

एउटै परिवारभित्र हुने गरेका अनेक किसिमका शोषणहरूको विरुद्धमा बोल्नु पारिवारिक शोषणप्रतिको विद्रोह हो । यस उपन्यासमा परिवारभित्र महिलामाथि हुने गरेका भेदभाव र अन्यायपूर्ण व्यवहारको पनि विरोध गरिएको छ जसलाई उपन्यासकै निम्नलिखित उद्धरणले पुष्टि गरेको छ :

> ...कुनै लोग्नेमान्छेप्रति एकोहोरिनु, त्यसकी स्वास्नी हुनु, त्यसले गरेको जे पनि खेप्नु, त्यसकै दासी झैं सदा सेवारत रहनु, त्यसैको नामसँग मात्रै आफ्नो परिचय बन्नु, आफ्नो इच्छाको कुनै अर्थ नहुनु, । छोराछोरी पाउनु, हुर्काउनु, बुढी हुनु र मर्नु मात्रको यो नारीजीवनमा मलाई पनि प्रवेश गर्न मन लागेन । हामी दुईटीले बिहे नगर्दा संसार खाली हुने पनि त होइन । (पृ.१७७)

विवाहपछि विभिन्न थिचोमिचो, अमानवीय व्यवहार तथा कष्टकर जीवन भोग्दै आएका आफ्नै आमा र समाजका अन्य महिलाहरूका पीडा देखेका राधा र विशाखाले आफूहरू पारिवारिक जीवनमा प्रवेश नै नगरी सन्यास धारण गर्ने घोषणा गरेका छन् । पारिवारिक जीवनमा प्रवेश गरी कुनै पुरुषकी स्वास्नी भएर बस्नु, उसले गरेका सबैखाले ज्यादती खेप्नु, आफ्नो अस्तित्व नै गुमाएर दासत्व स्वीकार गरी उसैको सेवा गर्नु, उसकै नामबाट मात्र आफ्नो परिचय बनाउनु, आफ्ना इच्छा, चाहना र रहरहरू सबै धरासायी पार्नु, उनीहरूको भोगविलासको साधन बनिदिएर छोराछोरी जन्माइदिनु, हुर्काउनु जस्ता काममै जीवन बिताउने गृहास्थ जीवनको विरोध गर्दै विशाखाले राधासँग व्यक्त गरेका विचार हुन् यी ।

## सामाजिक शोषणप्रतिको विद्रोह

नारीहरू समाजका अभिन्न अङ्ग भए पनि यही समाजले नारीलाई विभेदकारी दृष्टिले हेर्छ । समाजमा नारीको अहम् भूमिका हुँदाहुँदै पनि उनीहरूमाथि विभिन्न खाले शोषण गर्ने गरिएको छ । समाजमा रहेका मूल्य, मान्यता, परम्परा र बुझाइमा आधारित भएर महिला र पुरुषले के गर्ने के नगर्ने भन्ने बारेको भूमिका तय गरिएको हुन्छ । (आचार्य, २०७४, पृ.४५) यस उपन्यासमा नायिका राधाले आफ्ना नारीवादी विचार व्यक्त गरेकी छन् । त्यसैगरी राधाकी आमा कलावतीले नारीको जीवनपद्धति र आफ्ना भोगाइहरू बताएकी छन् । यस उपन्यासमा नारीमाथि हुँदै आएका सामाजिक शोषणका विरुद्धमा पनि नारीहरूले आवाज उठाएका छन् जसलाई निम्नलिखित उद्धरणले पुष्टि गर्दछन् :

यो कुरा त्यति साधारण कुरा होइन, यो एउटी नारीको अस्मितामाथि उठेको प्रश्नचिन्ह हो । जवान हुँदै गएको छोरालाई देखाएर बाबुमाथि उठाइएको औंला हो । आज यस उमेरमा आएर मेरो छोराको बाबुमाथि समाजले प्रश्न गर्दा मलाई कस्तो भएको होला ? तपाईंकी म धर्मपत्नी हुँ । तपाईंबाट म एकछिन पनि अलग छैन, तर कृष्णलाई देखाई तपाईंमाथि समेत प्रश्न उठाइएको छ । के म पुरुषगामिनी हुँ त ? के मैले अर्कैको वीर्यद्वारा यिनको जन्म गराएँ होला त ? (पृ.४४)

आफू प्रसव पीडाले अचेत अवस्थामा छँदै नन्दरायले सन्तान साटिदिएपछि अनजानमै अर्काको सन्तान कृष्णलाई आफ्नै छोरा भनेर मातृत्व खन्याएर हुर्काएकी यशोदालाई सम्पूर्ण व्रज र गोकुलबासीहरूले यो नन्दरायको छोरा हुन सक्दैन भनी उनको चरित्रमाथि औंलो ठड्याएका छन् । नारीलाई उसको सतीत्वमाथि उठ्ने प्रश्न सबैभन्दा लज्जास्पद कुरा हो । कृष्णको रूप र स्वभावलाई लिएर यशोदाको चरित्रको धज्जी उडाइएको थियो । समाजले छोराको बाबुमाथि प्रश्न उठाएर यशोदाको मनमा पहिरो जाँदा र उनले भातपानी छोडेर बस्दासमेत नन्दरायले श्रीमतीसँग वास्तविक कुरा नगरी उनलाई सम्झाउने र थम्थमाउने काम मात्र गरेका छन् । चरित्रहीन आइमाईमा घोषित भएर मर्नु न बाँच्नुको अवस्थामा पुग्नुपरेपछि उनले आफ्नै पतिप्रति गुनासो गर्दै प्रस्तुत विचार व्यक्त गरेकी हुन् । उनले आफू नन्दरायकी धर्मपत्नी रहेको, उनीबाट कहिल्यै पनि अलग नभएको कुरा गर्दै कृष्णलाई देखाएर तपाईंमाथि समेत प्रश्न उठाइएको छ के म परपुरुषगामिनी नै हुँ त, के मैले अर्कैको वीर्यबाट कृष्णलाई जन्माएकी हुँ त भनी नन्दरायलाई प्रश्न गरेकी छन् । सिङ्गो समाज उनीमाथि खनिदा पनि श्रीमान् मौन बसेबाट उनको मन टुटेको छ । नन्दरायले समाजका विरुद्ध आवाज उठाएर आफ्नो अस्मिताको रक्षा गरिदेओस् भन्ने यशोदाको चाहना देखिन्छ । समाजमा नन्दराय एउटा लाचार र निरीह पति भएका छन् जुन यशोदालाई मन परेको छैन । त्यसैगरी आफूमाथि लगाइएको धब्बा नारीअस्मितामाथि लगाइएको सामान्य कुरा नभएर पनि यसलाई समाज र पुरुष वर्गले बुझ्ने कोसिसै नगरी उल्टै नारीकै बदनाम गर्न उद्यत हुन्छन् भन्ने विचार प्रस्तुत भएको छ ।

## कुल/धर्मका आडमा हुने शोषणप्रतिको विद्रोह

नारीलाई कुल तथा धर्मका आडमा पनि शोषण गरिएको पाइन्छ । नारीवादले कुल र धर्मका आधारमा नारीमाथि गरिने शोषणको पनि विरोध गर्छ । श्रीकृष्णकी प्रेमिका, व्रजका प्रधान वृषभानुकी एक मात्र सन्तान राधा सचेत, सहयोगी, सङ्घर्षशील, विद्रोही र व्यावहारिक नारीका रूपमा उपन्यासमा उपस्थित भएकी छन् । उनी यस उपन्यासकी समाख्याता तथा प्रमुख पात्र हुन् । नारी पुरुषका भोग्या र बच्चा जन्माउने साधन मात्र होइनन्; समाज परिवर्तनका संवाहक हुन् भन्ने चेतना बाँड्दै नारी जागरणको विगुल फुक्ने उच्च परिवर्तनकारी सोंच भएकी राधा आत्मिक प्रेमकी प्रतिमूर्ति हुन् । श्रीकृष्णसँगको प्रेमलाई लिएर व्रजको समाजले औंला ठड्याउने र आफ्नै मातापिताले समेत त्यो प्रेमलाई धन, दौलत र सामाजिक प्रतिष्ठासँग जोडेर हेरेपछि उनले त्यसको विद्रोह गरेकी छन् । व्रजप्रमुख पिताको मृत्यु भएपछि उनले उक्त पद सम्हालेर साहसी र बुद्धिमान नारीको परिचय दिएकी छन् । उनको उच्च विचार र पवित्र प्रेमबाट कृष्णसमेत प्रभावित भएका हुन् । नेपाली समाजमा विशेष गरी हिन्दु धर्मावलम्बीहरूमा छोरीले आफ्नो बाबुको कुल, धर्मको इज्जत बोक्नुपर्ने ठेक्का पाएका हुँदा उनीहरूको स्वतन्त्रता र आत्मसम्मान खोसिएको प्रसङ्ग जोड्दै यस्तो हुन नहुनेतर्फ सङ्केत गरिएको छ जसलाई उपन्यासकै निम्निलिखित उद्धरणले पुष्टि गरेको छ :

> व्रजका राजा वृषभानुकी छोरी भएर जुन अनुशासनमा बस्नुपर्ने थियो त्यसमा नबसेकी, जनताका छोरीहरूलाई समेत भड्काएर गलत बाटोतिर हिँड्न प्रेरित गरेकी भन्ने आरोप थियो मलाई । बाबाले आमामार्फत मलाई सतर्क गराउनुभएको थियो । मैले आफ्नो कुलधर्मलाई विचार गर्नुपर्ने, बाबाको प्रतिष्ठालाई ध्यान दिनुपर्ने कुरा आमाले मलाई लामो भूमिका बाँधेर सम्झाउनु भयो । (पृ.२७)

व्रजका राजा वा प्रधान व्यक्तित्व वृषभानुकी छोरी राधालाई बाबुको इज्जत तथा स्वाभिमान रक्षाका निम्ति उपयोग गर्न खोजिएको छ । छोरी भएर जन्मेकै कारण समाजले निर्धारण गरिदिएको अनुशासनमा बस्नुपर्ने, आफ्नो लागि भन्दा बाबुबाजेको कुल तथा धर्मका लागि बाँचिदिनुपर्ने जुन अभिभारा छोरीमाथि लादिएको छ त्यसको पालना राधाले गर्न नसकेको विचार प्रस्तुत उद्धरणमा अभिव्यक्त भएको छ । राधाले आफ्नो बाबुको इज्जतको धज्जी मात्र उडाएकी छैन जनताका छोरीहरूलाई समेत भड्काएर गलत बाटोतिर हिँड्न प्रेरित गरेकी छ भन्ने आरोप लागेको छ । उनकै बाबु वृषभानुले पनि आमामार्फत छोरीलाई सतर्क हुन लगाएपछि आमाले लामो भूमिका बाँधेर कुलधर्मलाई विचार गरेर चल्नुपर्ने, बाबाको इज्जत र प्रतिष्ठालाई सधै ध्यान दिनुपर्ने कुरा सम्झाएकी छन् । यसबाट के स्पष्ट हुन्छ भने छोरा जहाँ जसरी हिँडे पनि कुलधर्मलाई फरक पर्दैन, इज्जत जाँदैन तर छोरीले भने आफ्ना चाहना र रहरहरूलाई पन्छाएर पनि आफ्नो बाबुको कुल र धर्मअनुसारको अनुशासनको पालना गर्नुपर्छ । राधाले भने आफूलाई मन पराउने कृष्णकी पहिले बालसखा र पछि प्रेमिका हुनुलाई कुलधर्मको इज्जत फालेको भन्ने कुरा मान्न तयार छैनन् । यसर्थ राधाले आफ्नो जीवनको निर्णय आफै गरेर कुल र धर्मका आडमा हुने शोषणप्रतिको विद्रोह गर्दै अगाडि बढेकी छन् ।

## संस्कृतिका आधारमा हुने शोषणप्रतिको विद्रोह

नेपाली समाजमा नारीलाई सांस्कृतिक आडमा पनि शोषण गरिएको पाइन्छ । नारीवादले संस्कृतिका आधारमा नारीमाथि गरिने शोषणको पनि विरोध गर्छ । समाजमा मान्दै आएका चाडपर्व, धर्म, संस्कृति, रीतिरिवाज, चालचलनका नाममा महिलाहरूलाई उपेक्षा गर्ने, किनारीकृत गर्ने, अधिकारबाट वञ्चित गर्ने तथा पुरुषको दासी तथा भोगविलासको साधनका रूपमा हेर्ने संस्कृतिका विरुद्धमा नारीहरूले आफूलाई पुरुष सरह अवसर दिनुपर्छ भनेर गरिने विद्रोह नै सांस्कृतिक शोषणप्रतिको विद्रोह हो । नेपाली समाजमा परम्परादेखि चल्दै आएका धर्मसंस्कृतिलाई पुरुषले आफ्नो पक्ष वा हितमा उपयोग गर्दा नारीहरू शोषणमा परेका र त्यस्ता प्रवृत्तिको विरोध गर्नु नारीवादको विशेषता हो । जसलाई शोध्य उपन्यासमा प्रस्तुत तलको उद्धरणले पुष्टि गरेको छ :

> कसरी दिन्छन् बिदाइ ? उनीहरू त मलाई एउटा बुढो मान्छेसँग विवाह गरिदिएर मुक्ति लिन खोजिरहेका छन् । काकीको अलिक टाढाको नाता पर्ने एउटा स्वास्नी पिराहा बुढोसँग मेरो विवाहको कुरा चलिरहेको छ । मैले कत्ति नै असहमति जनाउँदा पनि उहाँहरू मेरो कुरा सुन्न चाहनुहुन्न । उहाँहरूको मर्ने बेला हुन लाग्यो अरे, उहाँहरू मर्नुअघि नै मैले चाहिँ त्यो बुढासँग मर्नु अरे । त्यस्तासँग बिहे गरेर जीवनभरि रुनुभन्दा त बरु तँसँगै साधुनी भएर जीवन बिताउनु राम्रो देखेँ मैले त । (पृ.१७२)

छोरीलाई सन्तानभन्दा पनि नासोको रूपमा लिने नेपाली समाजको प्रतिच्छायाँ यस उपन्यासमा पनि पाइन्छ । छोरीको क्षमतालाई ओझेलमा पारी पुरुषको बैसाकी टेकाइदिएर विवाह प्रक्रियाको माध्यमद्वारा माइतीघरबाट बिदाइ गर्ने प्रचलन परापूर्वकालदेखिको नै हो । छोरीको विवाह गर्दा उसको अनुमति लिनै नपर्ने, केटाको उमेर, रूपरङ्ग जेजस्तो होस् अभिभावकले निर्णय गरेर दिएपछि केटीले चुइँक्क बोल्नसम्म नपाउने परिपाटी अद्यावधि नेपालमा कायमै छ । यस्तो कुरा एउटा संस्कृतिको रूपमा विकसित भइसकेको छ । प्रस्तुत

पङ्क्तिमा पनि राधाकी साथी विशाखाको एउटा स्वास्नी पिराहा बुढो मान्छेसँग उसको अनुमतिविना विवाह गरिदिएर अभिभावकले मुक्ति लिन खोजिरहेका छन् भने विशाखाले उक्त विवाह नगर्नका लागि विद्रोह गरेकी छ । बाबुआमा मर्नुअघि त्यही बुढो मान्छेसँग भए पनि चुपचाप विवाह गरिदिएर विशाखाले जिउँदै मर्नुपर्ने परिस्थिति खडा गरेका छन् । तर विशाखालाई त्यस्तो मान्छेसँग विवाह गरेर आँसुमा डुबेको नारकीय जीवन बिताउनुभन्दा बरु साधुनी (सन्यासी) भएर जीवन बिताउन उत्तम लागेकाले राधाले जस्तै सन्यास लिने उद्देश्यले घर छोडेर राधासँग आएकी छ । बाबुआमाले जस्तो मान्छेलाई दियो त्यस्तैसँग जाने र जति दुःख पाए पनि त्यही लोग्ने रिझाएर बस्दै आएका छोरीहरूले आफूले चाहे जस्तो केटासँग विवाह गर्न नपाएपछि आजीवन विवाह नै गर्दैनौ भनी सन्यास लिएर हिँड्नु भनेको संस्कृतिका आधारमा हुने शोषणप्रतिको विद्रोह हो ।

## यौनशोषणप्रतिको विद्रोह

नारीलाई गरिने विभिन्न शोषणहरूमध्ये यौनशोषण पनि एउटा अमानवीय शोषण हो । यस्तो शोषणमा पुरुषले महिलालाई पाशविक व्यवहार गर्छ अथवा पशुसरह भोग गर्दछ । यस्तो खाले शोषण खुलेयाम नहुने हुँदा हतपती अरुले थाहा पनि पाउँदैनन् जसले गर्दा पीडित भित्रभित्रै जलिरहेका हुन्छन् । लाजसँग जोडिएको कुरा हुनाले नारीले यस्तो पीडा अरुसँग सेयर गर्न पनि सक्दैनन् । नारीवादले यसैगरी नारीलाई पुरुषको मोरञ्जनको साधन, भोग्या र इच्छाअनुकूल प्रयोग गर्न सक्ने वस्तु ठान्ने सोच, प्रवृत्ति र व्यवहारको विरोध गर्छ ।

> ...यी कुरा सुनेपछि म आफैलाई पनि कुनै दिन कृष्णकी प्रिया थिएँ भन्ने कुराले लाज लागेर आयो । त्यस्तो भँडुवाकी प्रिया हुनुपरेकामा ग्लानि जस्तो पनि पलायो । एक-एक गरी उनका बाल्यकालका क्रियाकलापहरू सम्झन थालेँ -तिनले हामीलाई लुगा लुकाएर पारेको अभर, रासमण्डलको आयोजना गरी जङ्गलमा रातभरि नचाएको, एकान्तमा मलाई तिनले दिएका वचनहरू र भोग सबैलाई सम्झेँ । तिनी त सानैदेखि भोगवादी थिए । (पृ.१६५)

अध्ययनका क्रममा व्रजबाट निस्केका कृष्ण प्रेमिका राधाबाट भौगोलिक दृष्टिले टाढा भएपछि मानसिक रूपले पनि एकाकार हुन पाएनन् । अध्ययनपछि उतै विभिन्न युद्धमा लाग्नुपरेकाले बिचबिचमा पत्र लेखे पनि राधालाई भेट्न जान सकेनन् । पछि उतै रूक्मिणी लगायत अन्य युवतीहरूसँग कृष्णले विवाह गर्दै गएको थाहा पाएपछि राधालाई कृष्णसँग निकै घृणा लाग्छ । कृष्णको बदलिएको व्यवहारले राधालाई विगतमा उनकी प्रिया/प्रेमिका थिएँ भन्न पनि लाज लाग्छ । त्यस्तो भँडुवासँग आफ्नो नाम जोडिएकोमा आत्मग्लानि हुन्छ । विगतमा भएका उनीसँगका आफ्ना क्रियाकलाप सम्झिन् । कहिले नदीमा नुहाएको बेलामा कपडा लुकाइदिएर अप्ठ्यारोमा पारेको, रासमण्डलको आयोजना गरी जङ्गलमा रातभरि नचाएको, एकान्तमा आफूलाई विभिन्न आश्वासन तथा वचनहरू दिएर भोग गरेको सबै एकएक सम्झिन् । उनी सानैदेखि भोगवादी थिए, भोगकै लागि झुटो आश्वासन दिएका रहेछन् । उनले मलाई आत्मिक माया गर्छन् भन्नु मेरो भ्रम मात्रै रहेछ । यस्ता छली, जाली र धोकेवाज मान्छेको प्रेमिका थिएँ भन्न पनि लाज भयो भन्दै राधाले कृष्णका सबै कर्तुत छताछुल्ल पारिदिएर उनले आफूप्रति गरेको यौनशोषणका विरुद्धमा आवाज उठाएकी छन् ।

## राजनीतिक शोषणप्रतिको विद्रोह

नारीवादले समाजमा हुने गरेका सबै खाले शोषणको विरोध गर्ने क्रममा राजनीतिक क्षेत्रमा गरिने शोषणको पनि विद्रोह गरेको छ । यो राजनीति सामाजिक र आर्थिक पक्षसँग जोडिएको हुन्छ । सामाजिक पक्षसँग जोडिएको राजनीतिक शोषणप्रतिको विद्रोहलाई *राधा* उपन्यासको निम्नलिखित उद्धरणले पुष्टि गरेको छ

मेरा प्यारा कृष्ण आज एक्लै यो समाजसँग जुधिरहेका छन् । तिनका साथीहरू कोही छैनन् । उनी यस्तो नराम्रो प्रसङ्गले थिचिएका छन्, जसका बारेमा कुरै गर्नु पनि लाजमर्दो छ । उनी स्वयम् केटीहरूसँग अनैतिक सम्बन्धले आलोचित छन् र त्यो आलोचना उनकै मातासँग तन्किँदै उनको जन्ममाथि नै प्रश्नचिन्ह बनेको छ । (पृ.५५)

मथुरामा वसुदेव र देवकीको सन्तानको रूपमा जन्मिएर गोकुलमा नन्दराय र यशोदाको काखमा उनीहरूकै छोरा बनी हुर्किएका कृष्ण एकातर्फ बालसखा राधासँगको हिमचिम र बसाउठीका कारण आलोचित बन्न पुगेका छन् भने अर्कातर्फ उनका क्रियाकलापले त्यो सिङ्गो क्षेत्रमा नै ठुलो तरङ्ग ल्याइदिएकाले यस्तो धूर्त र छाडा केटो नन्दराय जस्तो सोझो मान्छेको सन्तान हुन सक्दैन भनेर यशोदाको चरित्रमाथि पनि प्रश्न उठाइएको छ । यो बाबुको टुङ्गो नभएको नाजायज सन्तान भएकाले नै हुनेनहुने उपद्रो मच्चाइरहेको छ भनेर व्रजवासीले कृष्णको बदनाम गरिरहँदा उनी समाजसँग एक्लै लड्नुपरेको, बाबुआमासमेत उनका उपद्रव र गाउँलेका कुराले लज्जित भएर छोरासँगै रिसाएको प्रसङ्ग जोडेर राधाले बोलेका विचार हुन् यी । उनको सर्वत्र बदनाम भएपछि साथीहरूले समेत उनको साथ छोडेका छन् । केटी साथीहरूलाई घरबाट बाहिर निस्कन प्रतिबन्ध लगाइएको छ । केटीहरूसँगको अनैतिक सम्बन्ध र यशोदाको नाजायज सन्तानका रूपमा उनको बदनाम हुँदा कृष्ण दोहोरो मारमा परेका छन् । यसले राजनीतिक वृत्तमासमेत तरङ्ग ल्याइदिएर वृषभानुलाई पदच्युत र नन्दरायलाई गाउँनिकाला गर्नेसम्मका कुरा उठेका छन् । आफ्नो प्यारो कृष्णप्रति सारा गाउँलेले गरेको यस्तो असहज व्यवहारबाट राधाको मन कुँडिएकाले उनले राजनीतिक क्षेत्रमा भएको शोषणप्रति विद्रोह गरेकी छन् ।

## निष्कर्ष

प्रस्तुत लेखमा कृष्ण धराबासीद्वारा रचित *राधा* उपन्यासको नारीवादको सैद्धान्तिक आधार लिएर अध्ययन गरिएको छ । यो नेपाली उपन्यास परम्परामा छुट्टै मूल्य र मान्यता बोकेर लेखिएको नारीवादी उपन्यास हो । पौराणिक मिथकलाई अहिलेको सामाजिक सन्दर्भसँग जोडेर लेखिएको प्रस्तुत उपन्यासमा नारीले भोग्दै आएका विभिन्न समस्याहरूलाई केन्द्रविन्दु बनाएर ती भोगाइप्रति सचेत नारी पात्रको माध्यमद्वारा विद्रोह गरिएको छ । पौराणिक पात्रलाई माध्यम बनाएर आधुनिक युगमा नारीले भोग्नुपरेका विवशताहरूलाई केलाउने प्रयास गरिएको छ । यस उपन्यासका नारी पात्रहरू छुट्टै चेतना लिएर अगाडि बढेका छन् । पौराणिक कथामा नबोलेका नारीहरू पनि यस उपन्यासमा खुलेरै बोलेका छन् । सचेत नारीहरू परम्परागत नारीको भूमिकामा छैनन् । श्रीकृष्णकी प्रेमिका, व्रजका प्रधान वृषभानुकी एक मात्र सन्तान राधा सचेत, सहयोगी, सङ्घर्षशील, विद्रोही र व्यावहारिक नारीका रूपमा उपस्थित भएकी छन् । आत्मिक प्रेमकी प्रतीक राधाले कृष्णको भनाइ र गराइमा भिन्नता पाएपछि उनीप्रति शङ्का गर्छिन् तर उनलाई गरेको प्रेम आजीवन अरु कसैलाई गर्दिनन् । कृष्णले रूक्मिणीसँग विवाह गरेको कुरा साथी विशाखाबाट थाहा पाउँदा उनको मनमा ठुलो चोट परेर उनी विरामी पर्छिन् तर संयमता भने गुमाउदिनन् । कृष्णबाट धोका पाएपछि सिङ्गो जीवन वैष्णवीको रूपमा तीर्थाटनसहित मानवसेवामा समर्पित गरेकी छन् । अबलाहरूले पनि आवाज निकाल्न सक्नु यसको नारीवादी पक्ष हो । हाम्रो परम्परागत मूल्य मान्यताअनुसार सर्वगुण सम्पन्न, ईश्वरको रूपमा स्थापित पात्र कृष्णले पटकैपिच्छे राधासँग माफी माग्ने र झुक्ने गरेको सन्दर्भबाट प्रस्तुत उपन्यासमा पुरुषको भन्दा नारीको स्थान बलियो देखिन्छ । नारीहरू अबला हुँदासम्म हेपिएका छन् जब उनीहरू पुरुषवादी हैकमका विरुद्ध आवाज निकाल्न थाल्छन् तब

उनीहरूले बलिष्ठ मानवको रूपमा आफ्नो हैसियत बनाएका छन् । राधाले अन्य नारीका समेत समस्या बुझेर प्रेम, अहिंसा र नारी जागरणको सन्देश दिँदै देश देशान्तर घुमेकी छन् । नारी पुरुषबिना पनि बाँच्न सक्छे, ऊ भोग्या होइन, अन्याय, अत्याचार, शोषण र दमनका विरुद्धमा आवाज उठाउन सक्ने बलिष्ठ मानव हो भन्ने पुष्टि गर्दै उनी विश्वास, प्रतिज्ञा र त्यागमा समेत अडिग रहेकी छन् । राधाका यस्तै गतिविधिले उपन्यास नै नारीवादी बन्न पुगेको छ । नारीहरूलाई शीर्षस्थान दिएर उनीहरूकै सबल नेतृत्वमा यो उपन्यास हिँडेको हुँदा प्रस्तुत उपन्यासलाई नारीवादी उपन्यासको ज्वलन्त उदाहरणका रूपमा लिन सकिन्छ ।

## सन्दर्भसूची


अधिकारी, ज्ञानु (२०६८). *नेपाली नारी समालोचना : परम्परा, प्रवृत्ति र विश्लेषण.* पैरवी प्रकाशन ।

आचार्य, बलराम (२०७४). *लैङ्गिक समाजशास्त्र.* नेशनल बुक सेन्टर ।

उप्रेती, सञ्जीव (२०६९). *सिद्धान्तका कुरा.* अक्षर क्रियसन्स नेपाल ।

किरण, मोहन वैद्य (२०७७). *मार्क्सवादी समालोचना.* शमी साहित्य प्रतिष्ठान ।

गौतम, कृष्ण (२०५९). *आधुनिक आलोचना अनेक रूप अनेक पठन.* साझा प्रकाशन ।

त्रिपाठी, सुधा (सन् २०१२.क). *नारीवादी सौन्दर्य चिन्तन.* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

धराबासी, कृष्ण (२०६२). *राधा.* साझा प्रकाशन ।

पाण्डे, ज्ञानू (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* भुँडीपुराण प्रकाशन ।

मरहट्टा, गोपालबाबु (२०७३). "अविरल बग्दछ इन्द्रावती उपन्यासमा नारीवाद." दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रि.वि.कीर्तिपुर ।